स्थानिय राजपत्र प्रकासन सम्बन्धी कार्यविधि , २०७५ को
अनुसूची-२
(दफा ४ तथा अनुसूची-१ को भाग-१ सँग सम्बन्धित)

# विरुवा गाउँपालिका

# स्थानीय राजपत्र

**खण्डः ०१ संख्याः ०५ मितिः २०७५।०२।२५**

**भाग-१**

## विरुवा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय ,स्याङ्जा

नेपालको संविधानको धारा २२६ को उपधारा (१) बमोजिम मिति २०७४।११।१औ गते विरुवा गाउँपालिकाको गाउँसभाले बनाएको **"विरुवा गाउँपालिकाको स्थानीय शिक्षा ऐन- २०७४"** सर्वसारधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**प्रस्तावनाः**

प्रत्येक नागरिकमा सहिष्णुता, सदाचार, नैतिकता र मानवीय मूल्यको प्रवर्धन गरी संघीय लोकतन्त्रको संस्थागत विकास, मुलुकको समद्धि र जनहितको लागि स्थानीय,राष्ट्रिय र विश्वव्यापी आवश्यकतामा आधारित प्रतिस्पर्धी जनशक्ति तयार गर्न यस स्थानीय तहको क्षेत्रभिउ स्थापना हुने तथा स्थापना भई सञ्चालनमा रहेका विद्यालय तथा शैक्षक निकायहरुको व्यवस्थापन गर्न वाञ्छनीय भएकोले,नेपालको संविधानको धारा २२६ अनुसूची ८ को सूची नं ८ तथा स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ बमोजिम विरुवा गाउँपालिकाको दोस्रो गाउँसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-एक
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

१) यस ऐनको नाम **"विरुवा गाउँपालिकाको स्थानीय शिक्षा ऐन,२०७४"** रहेको छ ।

२) यो ऐन विरुवा गाउँपालिकाभर लागु हुनेछ ।

३) यो ऐन गाउँसभाबाट पारित भए पश्चात लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः

क) "ऐन" भन्नाले विरुवा गाउँपालिकाको स्थानीय शिक्षा ऐनलाई सम्झनु पर्छ ।

ख) "कार्यपालिका" भन्नाले विरुवा गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

ग) "कोष" भन्नाले दफा ४६ वमोजिम विद्यालय सञ्चालनका लागि खडा गरिएको संचित कोषलाई सम्झनु पर्छ ।

घ) "गाउँपालिका" भन्नाले विरुवा गाउँपालिकालाई सम्झनु पर्छ ।

ङ) "गाउँ सभा" भन्नाले विरुवा गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्छ ।

च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले विरुवा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

छ) "बाल शिक्षा केन्द्र" भन्नाले चार वर्ष उमेर पूरा भई पाँच वर्ष उमेर पूरा नगरेका बालबालिकाको लागि खोलिएको प्रारम्भिक बाल शिक्षा केन्द्र नर्सरी किन्डरगार्टेन मन्टेसरी आदि सम्झनु पर्छ ।

ज) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षा देखि कक्षा आठ सम्म दिइने शिक्षा सम्झनु पर्छ ।

झ) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौ देखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

ञ) "विद्यालय शिक्षा" भन्नाले आधारभूत र माध्मिक दुवै शिक्षा सम्झनु पर्छ ।

ट) "प्राविधिक तथा व्यवसायिक शिक्षा" भन्नाले प्राविधिक ज्ञान,सीप तथा विषयवस्तुमा आधारित प्रविधि र व्यसाय उन्मुख शिक्षा प्रदान गर्न कक्षा नौ देखी कक्षा बाह्रसम्म अधयापन गराइने शिक्षालाइ समझनु पर्छ ।

ठ) "सामुदायिक विद्यालय" भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी समुदायको पहलमा स्थापना भई अनुमति वा स्वीकृत प्राप्त विद्यालय सम्झनु पर्छ ।

ड) "संस्थागत विद्यालय" भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान नपाउने गरी स्थापना भई अनुमति वा स्वीकृत प्राप्त विद्यालय सम्झनु पर्छ ।

ढ) "व्यवस्थापन समिति" भन्नाले दफा १९ र ३८ बमोजिम गठन हुने विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ ।

ण) "शिक्षा अधिकृत" भन्नाले गाउँपालिकाको शिक्षा शाखाको प्रमुख वा सो प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्छ ।

त) "शिक्षा शाखा" भन्नाले गाउँपालिकामा रहेको शिक्षा हेर्ने शाखा वा यकाईलाई सम्झनु पर्छ ।

थ) "शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नको लागि नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजि गुठी सम्झनु पर्छ ।

## परिच्छेद-दुई
## शिक्षाको प्रकार, विद्यालयको वर्गिकरण, अनुमति, स्वीकृति, समायोजन तथा नियमन

**३. विद्यालय शिक्षाको तहः विद्यालय शिक्षाको तह २ प्रकारको हुनेछन् ।**

क) माध्यमिक तहः कक्षा १२ सम्म अध्ययन अध्यापन हुने

ख) आधारभूत तहः कक्षा ८ सम्म अध्ययन अध्यापन हुनछ,आधारभूत तह भित्र कक्षा ५ सम्म अध्यापन हुने विद्यालयलाइ प्राथमिक तह र बाल विकास केन्द्र अन्तर्गत बाल हेरचाह केन्द्र,मन्टेश्वरी,किन्डरगार्डेनहरु रहनेछन ।

**४. माध्यमिक शिक्षाको प्रकारः** माध्यमिक तहको शिक्षामा देहायका प्रकारका हुनेछन्-

क) साधारण माध्यमिक शिक्षा,

ख) संस्कृत माध्यमिक शिक्षा,

ग) प्राविधिक तथा व्यवसायिक माध्यमिक शिक्षा ।

**५) शिक्षाको माध्यमः**

(१) विद्यालय शिक्षाको माध्यम नेपाली भाषा,अङ्ग्रेजी भाषा वा दुवैभाषा हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय बमोजिम हुन सक्नेछः

क) आधारभूत सम्म मातृ भाषामा शिक्षा दिन सकिनेछ ।

ख) गैर नेपाली नागरिकले विद्यँलयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्नेछन ।

ग) भाषा विषय अध्यापन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ ।

**६. विशेष शिक्षा,समावेशी शिक्षँ,अनोपचारिक शिक्षा,निरन्तर शिक्षा,दुर शिक्षा तथा खुला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्थाः**

गाउँपालिकाले आवश्यक पुर्वाधारको व्यवस्था गरी विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दुर शिक्षा तथा खुला शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ ।

**७. विद्यालयको वर्गिकरणः** विद्यालयको सम्पत्तिर स्रोत साधन लगानीका आधारमा नम्नानुसार वर्गीकरण गरिनेछः

क) सामुदायिक विद्यालय

ख) संस्थागत विद्यालय

**८. विद्यालय सञ्चालन गर्न अनुमति लिनुपर्नेः**

(१) कुनै नेपाली नागरिकहरुको समुदायले सुदायिक विद्यालय वा नेपाली नागरिकले शैक्षिक गुठी/कम्पनी अन्तर्गत संस्थागत विद्यालय खोल्नु चाहेमा तोकिएको विवरण खुलाई वडा समितिको सिफारिस सहित गाउँपालिका अध्यक्ष समक्ष अनुपतिको लागि निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सो निवेदन उपर शिक्षा शाखाबाट आवश्यक जाँचबुझ गर्दा निर्धारित मापदण्ड पूरा भई विद्यालय खोल्न अनुमति दिन मनासिब देखिएमा शिक्षा समितिको सिफारिसमा गाउँपालिका अध्यक्षले अनुमति दिनेछ ।

(३) यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रुपमा सञ्चालनमा रहेका विद्यालयहरुले चाहेमा कम्पनी खारेज गरी शैक्षक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न गाउँपालिका अध्यक्ष समक्ष निवेदन दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम निवेदन परेमा शिक्षा शाखाले सो निवेदन उपर १५ दिन भित्र आवश्यक जाँचबुझ गरी शिक्षा समितिमा राय सहित आवेदन पेश गर्नेछ र माग बमोजिम विद्यालय सञ्चालन गर्न क्षा समितिको सिफारिसमा गाउँपालिका अध्यक्षले पुनः अनुमति तथा स्विकृत दिनेछ ।

(५) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदद्वारा तर्जुमा गरिएको प्राविधिक तथा व्यवसायिक माध्यमिक शिक्षा( टि-एस.इ.इ.)सञ्चालनका लागि कुनै सामुदायिक माध्यमिक विद्यालयले आवेदन गरेमा गाउँ शिक्षा समितिको सफारिसमा गाउँपालिका अध्यक्षले अनुमति प्रदान गर्न सक्नेछ । तर अनुमति दिनु अघि परिषद् द्वारा तोकिएको मापदण्ड जाँचबुझ र एकिन गर्ने कार्य गाउँ शिक्षा समितिले गर्नु पर्नेछ ।

(६) उपदफा(२), (३), वा (५) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायका विद्यालयलाई शैक्षिक गुठीको रुपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृति दिइनेछैनः

(क) सरकारी वा सार्वजनिक भवनम सञ्चालन भएका विद्यालय।

(ख) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दानदातव्य दिएकोमा सो भवनम वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय ।

(७) यस ऐन वा अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहाउ बमोजिम गर्नुपर्नेछः

क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक(त्रस्टी) संगठित संस्थाको रुपमा हुनुपर्ने,

ख) शैक्षिक गुठी सञ्चालन गर्दा ट्रस्टीमा सार्वजनिक गुठी भए कम्तीमा पाँचजना र निजी गुठी भए कम्तीमा तीनजना सदस्य हुनुपर्ने,

ग) शैक्षिक गुठीको आय व्ययको लेखा तोकिए बमोजिम खडा गरी मान्यता प्राप्त लेखा परीक्षकबाट लेखापरीक्षण गराएको हुनुपर्ने,

घ) शैक्षिक गुठीको तत्काल कायम रहेको ट्रस्टीले आफ्नो जीवनकालमै वा शेषपछि गुठीयारको रपमा कामगर्ने आफ्नो उत्तराधिकारी तोक्दा गाउँपालिकाको स्वीकृति लिनुपर्नेछ ।

(८) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा गाउँपालिका अयक्ष समक्ष आवेदन दिनु पर्नेछ ।गाउँ कार्यपालिकाबाट सोको स्वीकृति लिई शैक्षिक गुठी अन्तर्गत विद्यालय स्थापना र सञ्चालन गर्न सक्नेछ ।

(९) उपदफा (८) बमोजिम सञ्चालित विद्यालयले पालन गर्नुपर्ने शर्त तथा अन्य व्यवस्था गाउँ शिक्षा समितिले तोके बमोजिम हुनेछन् ।

(१०) माथिल्ला उपदफाहरुमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विदेशी शिक्षण संस्थासंग सम्बन्धन गर्ने गरी कसैलाइ पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छैन ।

(११) यस अघि दर्ता भएका विद्याय सम्बन्धि व्यवस्थाः १) माथि जेसुकै उल्लेख भए पनि यस अघि नियमानुसार दर्ता र सञ्चालनमा रहेका विद्यालयहरु यसै बमोजिम सञ्चालन भएका मानिनेछन् ।तर यस अघि सञ्चालनमा भएका विद्यालयले शिक्षा शाखाले तोकेको ढाँचामा विवरण र कागजपत्र पेश गर्नु पर्नेछ ।

**९. धरौटी राख्नु पर्नेः** संस्थागत/सामुदायिक विद्यालय खोल्ने अनुमति लिँदा विद्यालय सञ्चालनको संरक्षण बापत देहाय बमोजिमको रकम धरौटीको रुपमा राख्नु पर्नेछः

क) माध्यमिक विद्यालयको लागि चार लाख रुपैयाँ,

ख) आधारभूत विद्यालयको लागि दुई लाख रुपैयाँ,

ग) प्राथमिक विद्यालयको लागि एक लाख रुपैयाँ

तर, विशेष आवश्यकता भएका विद्यार्थीका लागि वा सीमान्तकृत वा भौगोलिक विषमता भएका क्षेत्रमा यस्तो विद्यालय खोल्दा कार्यपालिकाले धरौटी छुटदिन सक्नेछ ।

**१०. धरौटी रकम जम्मा गरिनेः** (१) विद्यालयले दफा ९ मोजिमको धरौटी बापतको रकम विद्यालयको नाममा प्रधानाध्यापक र लेखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुने धरौटी खाता खोली जम्मा गर्नुपर्नेछ ।

**११. अन्य विद्यालय सम्बन्धी व्यवस्थाः** सार्वजनिक शैक्षिक गुठी तथा नेपाल सरकारले अनुदान दिने निजामती , सैनिक, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल र शहीद प्रतिष्ठानद्वारा सञ्चालित विद्यालयहरुले समेत पाठ्यक्रम, परीक्षा, अनुगमन संयन्त्र र शैक्षिक क्यालेन्डर समेत यसै ऐन बमोजिम हुनु पर्नेछ ।

**१२. बाल शिक्षा केन्द्रः** गाउँपालिकाले कुनै विद्यालयसंग मिसाएर वा छुट्टै बाल शिक्षा केन्द्रको स्थापना र सञ्चालन गर्न र थप व्यव्स्था  गर्न सक्नेछ ।

**१३. बाल गृहको सञ्चालनः** गाउँपालिका आफैले वा कुनै व्यक्ति वा संस्थाले बाल गृह सञ्चालन गर्न पाउनेछ । बाल गृह सञ्चालनको लागि आवश्यक प्रकृया तोकिए बमोजिम हुनेछ ।

**१४. सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेः** गाउँपालिकाले समुदायमा साक्षरता, सीप विकास र निरन्तर सिकाइ समेतको काम गर्न तोकिए कमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेछ ।यस्तो केन्द्रमा सामुदायिक पुस्तकालय र वाचनालय सञ्चालन हुन सक्नेछ ।

**१५. गाउँपालिकाले विद्यालय सार्न,गाभ्न,नाम परिवर्तन गर्न वा बन्द गर्न सक्नेः** (१)गाउँपालिकाले तोकिएको मापदण्ड बमोजिम हाल सञ्चालन भइरहेका ३० मिनेटको पैदल दुरीमा रहेका कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुईभन्दा बढी विद्यालयलाई गाभी उउटा विलालय कायम गर्न वा विद्यालय बन्द गर्न सक्नेछ । प्राथमिक तहको वालालयमा कुल २५ जना भन्दा कम विद्यार्थी भएमा गाउँ शिक्षा समितको सिफारिसमा बाल शिक्षा केन्द्र मात्र कायम राखी त्यस माथिका कक्षाहरु बन्द गर्न सक्नेछ ।

(२) विद्यालयको नाम परिवर्तन गर्नुपरेमा नाम परिवर्तन गर्नुपर्ने उपयुक्त कारण सहित तोकिएको विवरण र ढाँचामा गाउँ शिक्षा समिति मार्फत गाउँपालिकामा स्वीकृतिका लागि पेश गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजपम पेश हुन आएका निवेदन उपर उँ शिक्षा समितिको सिफारिसमा गाउँपालाले नाम परिवर्तनको स्वीकृर्ति दिन सक्नेछ ।

(४) विद्यालयको नाम राख्दा वा परिवर्तन गर्दा कुनै व्यक्ति विशेषको नाम,धार्मिक ताथा जातिगत विद्वेष झल्किने प्रकारको नाम राख्न पाइने छैन ।माध्यमिक तहको हकमा कम्तिमा एक करोड रुपैयाँ,आधारभूत तहको हकमा कम्तिमा पचास लाख रुपैया प्रदान गरेमा व्यक्तिको नाममा विद्यालयको नाम नामाकरण गर्न सकिनेछ ।

## परिच्छेद-३

## शिक्षा सम्बन्धी संरचनागत व्यवस्था

**१६. गाउँ शिक्षा समिति सम्बन्धी व्यवस्थाः** (१) गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालय तथा शैक्षिक निकायहरुको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामको लागि देहाय बमोजिमको गाउँ शिक्षा समिति रहनेछः-

क) गाउँपालिका अध्यक्ष- संयोजक

ख) प्रमुख प्रशासकीय अधिकृत-सदस्य

ग) गाउँ कार्यपालिकाका सदस्य मध्ये कम्तिमा १ महिला सदस्य समेत २ जना -सदस्य

घ) सामुदायिक विद्यालयको प्रधानाध्यापकहरु मध्येबाट समितिले तोकेको एक जना प्रधानाध्यापक-सदस्य

ङ) संस्थागत विद्यालयहरुको प्रतिनिधीमूलक संस्था मध्येबाट अध्यक्षले तोकेको प्रतिनिधी एक जना -सदस्य

च) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट समितिबाट समोनित एक जना- सदस्य

छ) समाजसेवी, शिक्षाप्रेमी, वा चनदादाताहरु मध्येबाट गाउँ कार्यपालिकाबाट मनोनित कम्तीमा एकजना महिला र दलित/अल्पसंख्यक सदस्य सहित चार जना - सदस्य

ज) शिक्षक अभिभावक संघका अध्यक्ष मध्येबाट समितिले तोकेको एक जना -सदस्य

झ) सामुदायिक विद्यालयका शिक्षकहरुमध्ये समितिले तोकेको एक जना महिला शिक्षक- सदस्य

ण) गाउँपालिका स्तरीय शिक्षक महासंघको एक जना प्रतिनिधि -सदस्य

ट) शिक्षा अधिकृत- सदस्य सचिव

(२) समितिको बैठक सञ्चालन प्रक्रिया, बैठक भत्ता तथा सेवा सुविधा गाउँ कार्यपालिकाबाट तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा (१) अनुसार नियुक्त सदस्यले पदीय आचरण पूरा नगरेमा गाउँ कार्यपालिकाले जुनकुकै समयमा पनि हटाउन सक्नेछ । तर त्यसरी हटाउन अघि मनासीब माफिको मौकाबाट वञ्चित गरिने छैन ।

(४) मनोनित सदस्यको पदावधी २ वर्षको हुनेछ ।

(५) गाउँ शिक्षा समितिको काम,कर्तव्य र अधिकार देहाय कमोजिम हुनेछः-

क) आफ्नो कार्यक्षेत्रभित्रको शैक्षिक योजना तयार गर्ने ।

ख) गाउँपालिका क्षेत्रभित्र विद्यालय सञ्चालनका लागि अनुमति,स्वीकृति,विद्यालय सार्ने,गाभ्ने सम्बन्धी गाउँपालिकालाइ आवश्यक राय प्रदान गर्ने ।

ग) विद्यालयहरुलाई आर्थिक अनुदान सम्बन्धी आवश्यक स्रोतको खोजी गर्ने ।

घ) आफ्नो क्षेत्र भित्र सञ्चालन हुने परीक्षालाइ मर्यादित र भयरहित बनाउन सहयोग गर्ने ।

ङ) विद्यालयहरुको लेखा परीक्षकको नियुक्ति र पारीश्रमिक तोक्ने ।

च) गाउँपालिका क्षेत्र भित्र स्थापना भएका आफ्नो स्रोतमा सञ्चालित सामुदायिक विद्यालयहरु तथा संस्थागत विद्यालयका शिक्षकका सेवा,सुविधा र शर्तहरु स्विकृत गर्ने ।

छ) विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने,जागरुक र सजग वनाउने ।

ज) शिक्षाको गुणस्तर कायम राख्ने सूचकहरु विकास गर्ने र प्रवति मुल्याङ्कन गर्ने ।

झ) शैक्षकि गुठीसंग सम्झौता गर्न सम्झौताका शर्तहरु निर्धारण गर्ने ।

ञ) शैक्षिक संस्था र शिक्षासंग आवद्ध शिक्षक कर्मचारीहरुलाई कामको आधारमा आवश्यक प्रोतसाहन,नसिहत दिने ।

ट) विषय विशेषज्ञहरुको छनौट गरेर सूची प्रकाशन गर्ने ।

ठ) संस्थागत विद्यालय सञ्चालनको मापदण्ड बनाउने,सञ्चालनको स्वीकृति र अनुमतिको लागि गाउँपालिकालावई आवश्यक राय सूझाव प्रदान गर्ने ।

ड) विद्यालय गाभ्ने,सार्ने,नाम परिवर्तन गर्ने,तह थप गर्ने नीति तर्जुमा गरी गाउँपालिकामा पेस गर्ने ।

ढ) सामुदायिक सिकाइ केन्द्र स्थापना र सञ्चालन सम्बन्धी नीति तर्जुमा गर्ने ।

ण) आवश्यकता अनुसार दिवा खाजा व्यवस्थापन गर्ने ।

त) विद्यालय बाहिर रहेका बालबालिका पहिचान गरी सबैको लागि शिइ सुनिश्चित हुने प्रवन्ध गर्ने ।

थ) विद्यालयमा पठनपाठनको अधिकतम प्रवन्ध हुने गरी शैक्षिक क्यालेण्डर बनाई लागू गर्ने गराउने ।

द) शिक्षक तालीमको नीति तर्जूमा गरी लागू गर्ने ।

ध) गाउँ कार्यपालिकालाई शैक्षिक विकासका लागि आवश्यक सुझाव तथा परामर्श दिने ।

न) शैक्षिक सूचना प्रणाली स्थापना गरी सबै विद्यार्थी,शिक्षक र शिक्षाट्ठग सम्बन्धित तथ्याङ्कहरु राख्ने ।

प) शिक्षामा सबै बालबालिकाको पहुँच,गुणस्तर सुधार र संरक्षणका पक्षहरुलाई ग्यारेण्टी गर्न आवश्यक नीति,नियम तथा कार्यक्रमहरु सञ्चालन गर्ने ।

फ) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

**१७. शिक्षा अधिकृतः** गाउँपालिका अन्तर्गतका शिक्षा सम्बन्धी कार्यक्रम व्यवस्थापन गर्न र शैक्षिक प्रशासन सञ्चालन गर्न १ जना शिक्षा अधिकृत रहने छन् । निजको काम कर्तव्य र अधिकार नम्नानुसार हुनेछः

१) गाउँ स्तरीय शिक्षा योजना तर्जूमा गरी गाउँ कार्यपालिकामा पेश गर्ने ।

२) गाउँपालिका तथा गाउँ शिक्षा समितिबाट शिक्षा तथा शैक्षिक विकासका लागि पारित नीति तथा कार्यक्रमको कार्यान्वयन गर्ने तथा प्राप्त निर्देशन पालना गर्ने ।

३) विद्यालय तथा शैक्षिक निकायहरुको अनुगमन तथा सुपरिवैक्षण गर्ने,गराउने ।

४) गाउँ कार्यपालिका,गाउँ शिक्षा समिति र प्रमुख प्रशासकीय अधिकृतलाई शैक्षिक विकासका लागि आवश्यक सुझाव तथा परमर्श दिने ।

५) शिक्षकहरुको कार्य सम्पादन मूल्याङ्कन प्रमुख प्रशासकीय अधिककृत समक्ष पेश गर्ने ।

६) गाउँपालिका शिक्षा समितिको सदस्य सचिवको भूमिकामा निर्वाह गर्ने ।

७) शिक्षा अधिकृतको अन्य काम,कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**१८. वडा शिक्षा समिति सम्बन्धी व्यवस्थाः**

(१) वडा स्तरमा देहाय बमोजिमको वडा शिक्षा समिति गठन गरिनेछ ।

क) सम्बन्धित वडाको वडाध्यक्ष-संयोजक

ख) वडँ समितिका सदस्यहरु मध्ये वडा समितिले तोकेको एक जना -सदस्य

ग) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्ये वडा समितिले तोकेको एक जना -सदस्य

घ) विद्यालयका प्रधानाध्यापक मध्येबाट गाउँ शिक्षा समितिले तोकेको एक जना -सदस्य

ङ) वडा भित्रका शिक्षाप्रेमीहरु मध्येबाट वडन समितिले तोकेको १ महिला सहित २ जना -सदस्य

च) सम्बन्धित वडाका वडा सचिव-सदस्य सचिव

(२) मनोनित सदस्ययको पदावधि २ वर्षको हुनेछ । निजहरुको पुनर्नियुक्ति हुन सक्नेछ ।

(३) वडा शिक्षा समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) आफ्नो वडाको शैक्षिक अभिवृद्धिका लागि योजना तर्जूमा र समन्वय गर्ने ।

ख) आफ्नो क्षेत्रभित्र सञ्चालन हुने परिक्षालाई मर्यादित र भयरहित बनाउन सहयोग गर्ने ।

ग) अभपभावक र शिक्षक बीच विवार भएम त्यसको समाधान गर्ने ।

घ) गाउँ शिक्षा समितिले तोके बमोजिम अन्य कार्य गर्ने ।

ङ) वडा शिक्षा समितिले आफ्नो बैठक सञ्चालन तथा कार्यविधि आफैले निर्धारण गर्नेछ ।

**१९. विद्यालय व्यवस्थापन समितिः**

(१) सामुदायिक विद्यालयको सञ्चालन,रेखदेख रव्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ ।

क) समितिका सदस्यहरुले ख,घ,र ङ मध्येबाट सिफारिस गरी पठाएका बढीमा ३ जना मध्ये गाउँ शिक्षा समितिले छानेको व्यक्ति-अध्यक्ष

ख) अभिभावक मध्येबाट छानिएका कम्तीमा १ महिला सहित चारजना-सदस्य

ग) विद्यालय रहेको वडा अध्यक्ष वा वाडा समितिले तोकेको जनप्रतिनिधि मध्येबाट एकजना -सदस्य

घ) विद्यालयका संस्थापक,बुद्धिजिवी,चन्दादाताहरु मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको दईजना- सदस्य

ङ) स्थानीय शिक्षाप्रेमी मध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको एकजना महिला सहित २ जना-सदस्य

च) शिक्षक प्रतिनिधि एक जना -सदस्य

छ) विद्यालयको प्रधानाध्यापक-सदस्य सचिव

(२) उपदफा(१) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ ।त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा गाउँ शिक्षा समितिले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ ।तर त्यसरी पदबाट हटाउनु अघि वा समिति विघटन गर्नु अघि आफ्नो सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

(३) विद्यालयलाई शान्ति क्षेत्र र बालमैत्री विद्यालयको रुपमा विकास गर्न तोकिएको सूचकहरु पूरा गर्न आवश्यक कार्य गर्नु व्यवस्थापन समितिको दायित्व हुनेछ ।

(४) सामुदायिक विद्यालयको व्यवस्थापन समितको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने ।

ख) विद्यालयको चल,अचल सम्पत्तिको लगत राख्ने,राख्न लगाउने र सुरक्षा गर्ने

ग) विद्यालयको शैक्षिक,भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गराई राख्ने ।

घ) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी गाउँपालिकालाइ दिने ।

ङ) विद्यालयमा शिक्षक,कर्मचारी र विद्यार्थीको पोशाकको कार्यान्वउन गर्ने ।

छ) स्वीकृत दरवन्दी अनुसारका शिक्षकहरुको खोजी गरी काममा लगाउने तथा गाउँपालिकाबाट स्वीकृत दरवन्दिमा कर्मचारीको व्यवस्थापन गर्ने ।

ज) गाउँ शिक्षा समितिबाट तोकिएको रजिष्टर्ड लेखापरीक्षकबाट विद्यालयको विर्षिक लेखापरीक्षण गराउने ।

झ) लेखापरीक्षकको प्रतिवेदन अनुसार तत्काल आवश्यक कारवाही गर्ने र त्यसको प्रतिवेदन गाउँ शिक्षा समितिमा पेश गर्ने ।

ञ) तोकिए बमोजिमका क्षेत्रसंग सम्बन्धित गाउँपालिका र गाउँ शिक्षा समितिले दिएको निर्देशनहरुको पालना गर्ने ।

ट) प्रचलित कानुन र नियम पालना नगर्ने शिक्षक कर्मचारीलाइ विभागीय कारवाहीका लागि सिफारिस गर्ने ।

ठ) विद्यालय शिक्षा एकै समयमा सञ्चालन गर्ने प्रवन्ध मिलाउने ।

ड) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

(५) विद्यालय व्यवस्थापन समितिले आफ्नो कार्यविधि आफै बनाउन सक्ने छ ।

२०. **शिक्षक अभिभावक संघ र टोल शिक्षा समितिः** सबै विद्यालयमा शिक्षक र अभिभावकहरु रहेका एक शिक्षक अभिभावक संघ रहनेछ ।यस सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ । टोल शिक्षा समिति तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-४

## विद्यालय तहको शिक्षक तथा कर्मचारीको दरवन्दी, सेवाशर्त र योग्यता

२१. **गाउँपालिकाले शिक्षकको दरवन्दी निर्धारण गर्नेः** (१) गाउँपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयहरुमा आवश्यक पर्ने शिक्षकहरुको दरवन्दी निर्धारण गाउँपालिकाले गर्नेछ ।

(२) गाउँपालिकाले शिक्षकको दरवन्दी निर्धारण गर्दा विद्यालयमा अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा राष्ट्रिय वा प्रादेशीक मापदण्ड बमोजिम विद्यार्थी तथा शिक्षक अनुपात कायम गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमका दरवन्दिमा नियुक्ति भएका शिक्षकको व्यक्तिगत फाइल खडा गरी गाउँपालिकाले राख्नु पर्नेछ ।

(४) शिक्षक दरवन्दी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२२. **शिक्षकको सेवा शर्त,योग्यता र समकक्षताः** शिक्षकको सेवा शर्त, योग्यता र समकक्षता तोकिए बमोजिम हुनेछ ।

२३. **शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्थाः**

(१) देहायका अवस्थामा शिक्षक वा कर्मचारीलाई विद्यालयको व्यवस्थापन समितिले कारबाही लागि गाउँपालिकामा सिफारिस गर्नेछः-

क) विना सूचना लगातार पन्ध्र दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा ।

ख) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणीत भएमा ।

ग) नैतीक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा ।

घ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा ।

ङ) शिक्षक वा कर्मचारी राजनीतिक दलको कार्य समितिमा रहेको पाईएमा ।

च) निजले अध्यापन गरेको विषयमा ३ वर्षको औषत शैक्षिक उपलब्धी ४०% भन्दा कम भएमा(GPA १.६ भन्दा कम)

(२) उपदफा (१) बमोजिम वा अन्य माध्यमले कुनै शीषक वा कर्मचारीलाई पदबाट हटँउनु पर्ने यथेष्ट प्रमाण प्राप्त भएमा गाउँपालिकाले निजलाइ पदबाट हटाउन सक्नेछ ।तर कार्यरत पदबट हटाउनु अघि समनसिव माफिकको स्पष्टिकरणको मौका भने प्रदान गरिनेछ ।

**परिच्छेद-५**

**शिक्षक तथा विद्यालय कर्मचारी नियुक्ति, सरुवा, बढुवा र तालिम**

२४. **शिक्षकको नियुक्तिः** १) विद्यालयमा कायम भएको रिक्त दरवन्दीको शिक्षक पदमा करार नियुक्तिको व्यवस्था देहाय बमोजिमको छनौट समितिबाट हुनेछः

क) सम्बन्धित विद्यालय व्यवस्थापन समितिको अध्यक्ष-संयोजक

ख) शिक्षा अधिकृत-सदस्य

ग) विषयगत रोष्टर मध्येबाट गाउँ शिक्षा समितिको अध्यक्षले तोकेको विषय विई दुई जना-सदस्य

घ) सम्बन्धित विद्यालयको प्रधानाध्यापक-सचिव

(२) समितिको कार्यविधि तोकिए बमोजिम हुनेछ ।

२५. **प्रधानाध्यापक सम्बन्धी व्यवस्थाः**

(१) सामुदायिक विद्यालयमा एक प्रधानाध्यापक रहनेछ ।

(२) प्रधानाध्यापकको नियुक्ति व्यवस्था देहाय बमोजिम हुनेछ ।

क) माध्यमिक तहमा प्रधानाध्यापक हुन स्नातकोत्तर उपाधि प्राप्त मा.वि. तहको स्थायी शिक्षक हुनुपर्नेछ। सो नभएमा स्नातकोत्तर योग्यता प्राप्त स्थायी शिक्षक मध्येबाट विद्यालय व्यवस्थापन समितिको सिफारिसमा गाउँ शिक्षा समितिबाट प्रधानाध्यापक नियुक्ति गरिनेछ ।

ख) आधारभूत तहमा प्रधानाध्यापक हुन स्नातक उपाधि प्राप्त आधाभूत तह स्थायी शिक्षक हुनु पर्नेछ ।सो नभएमा स्नातक योग्यता प्राप्त स्थायी शिक्षक मध्येबाट विद्यँलय व्यवस्थापन समितिको सिफारिसमा गाउँ शिक्षा समितिबाट प्रधानाध्यापक नियुक्ति गरिनेछ ।

**स्पष्टीकरणः** उपदफा (क) र (ख) बमोजिमका स्थायी शिक्षक विद्यालयमा उपलब्ध नभएमा विद्यालय व्यवस्थापन समितिको सिफारिसमा गाउँ शिक्षा समितिले योग्यता प्राप्त अस्थायी तथा राहत र करार शिक्षकलाई प्रधानाध्यापकमा नियुक्ति गर्न वाधा पर्ने छैन ।

ग) प्रधानाध्यापकले नियुक्ति हुनु पूर्व वाद्च बर्षे विद्यालय सुधारको कार्ययोजना विद्यालय व्यवस्थापन समिति समक्ष पेश गर्नु पर्नेछ ।

घ) प्रधानाध्यापकको अवधी ५ बर्षको हुनेछ ।निजको पुनर्नियुक्ति हुन सक्नेछ ।

ङ) विद्यालयको व्यवस्थापकीय नेतृत्व तथा शैक्षिक प्राविधिक नेतृत्व गरी विद्यालयको बृहत्तर हित गर्नु प्रधानाध्यापकको कर्तव्य हुनेछ ।

च) निजले पेश गरेको कार्ययोजना बमोजिम कार्य गरेको नपाईएमा गाउँ शिक्षा समितिले हटाउन सक्नेछ तर एक पटक स्पष्टीकरणको मोका दिइनेछ ।

**२६. शिक्षकको सरुवाः**

(१) स्थायी शिक्षकको हकम निजले कुनै एक विद्यालयमा अधिकतम ५ वर्ष सेवा गरेपश्चात अर्को विद्यँलयमा सरुवा गर्न सकिनेछ ।यसरी सरुवा गर्दा अर्को विद्यालयको छनौट,सम्बन्धित शिक्षकको सोजाई र प्राथमिकतामा हुनेछ । तर सो विद्यालयमा आफ्नो विषयको दरवन्दी खाली हुनुपर्नेछ ।

(२) न्युनतम २ वर्ष उकै विद्यालयमा अध्यापन गरेका स्थायी शिक्षकले अर्को विद्यालयमा सरुवा हुन चाहेमा गाउँ शिक्षा समितिमा सरुवाका लागि निवेदन दिन सक्नेछन् । यसरी प्राप्त निवेदनका आधारमा गाउँ शीषा समितिले आफ्नो क्षेत्रभित्रका दरवन्दी उपलब्ध भएका र सम्बन्धित विद्यालय व्यवस्थापन समितिले सहमति प्रदान गरेको विद्यालयमा सरुवा गर्न सक्नेछ ।

(३) विशेष अवस्थामा बाहेक शिक्षकको सरुवा शैक्षिक सत्रको सुरु वा अन्त्यमा मात्र गरिनेछ । विशेष अवस्था भन्नाले निज सो विद्यालयमा रहन नसक्ने,विषयगत दसवन्दी आवश्यक नरहेको ,स्वास्थ्य समस्या,पतिपत्नि संगै सही सेवा गर्न पाउने अवस्था वा अन्य चित्तबुझ्दो कारण समेत बुझिने छ ।

**२७. दरवन्दी मिलानः**

(१) गाउँ शिक्षा समितिले विद्यालयमा तहगत,कक्षागत तथा विषयगत र शिक्षक शिक्षक विद्यार्थी अनुपातका आधारमा बढी दरवन्दी मिलानका लागि गाउँ कार्यपालिका समक्ष सिफँरिस गर्न सक्नेछ । यसका लागि एक कार्यदल गठन गरिनेछ ।

(२) यसका लागि शिइक कम भएका विद्यालय,विद्यालय नै नभएको क्षेत्र तथा पिछडिएका र ग्रामीण क्षेत्रलाइ प्राथमिकता दिइने छ ।

(३) दरवन्दी मिलान सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२८. **शिक्षकको बढुवा सम्बन्धि व्यवस्थाः** हाल स्थायी रुपमा सेवारत शिक्षकको बढुवा सम्बन्धी व्यवस्था नेपाल सरकारबाट लागू भएको संघीय कानून बमोजिम हुनेछ । स्थानीय तहबाट तियुक्ति पाएका करार शिक्षकहरुको बढुवा हुनेछैन ।

२९. **शिक्षकलाई अन्य काममा लगाउन नहुनेः**

(१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासन सम्बन्धी काममा बाहेक अन्य काममा लगाउन हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना,निर्वाचन सम्बन्धी काम,दैवी प्रकोप उद्धार वा नेपाल सरकार र गाउँपालिकाले तोकेको अन्य कुनै काममा खटाउन बाधा पुग्ने छैन ।

३०. **कार्यसम्पादन करार सम्झौता गर्नुपर्नेः** शिक्षालाई प्रभावकारी बनाउन देहाय अनुसार कार्यसम्पादन करार सम्झौताको प्रक्रिया अवलम्बन गर्नुपर्नेछ ।

(१) गाउँपालिका अध्यक्षको रोहवरमा प्रमुख प्रशासकीय अधिकृतले शिक्षा शाखा हेर्ने अधिकृत संग,शिक्षा अधिकृतले सबै विद्यालयका प्रधानाध्यापकसंग,प्रधानाध्यापकले आफ्ना मातहतका सबै शिक्षकहरुसंग कार्य सम्पादन करार सम्झौता गर्नुपर्नेछ ।

(२) कार्य सम्पादन करार एक वर्षको हुनेछ । सम्झौता अनुसार काम भए नभएको मूल्याङ्कन प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृतले आर्थिक वर्षको अन्त्यमा कार्यपालिका सपक्ष पेश गर्नुपर्ने छ ।

(३) वार्षिक कार्यसम्पादन करारका सूचकहरु निर्धारण गर्ने कार्य गाउँ शिक्षा समितिले तयार पारी गाउँ कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

३१. **कार्य सम्पादन मूल्याङ्कन र सजाय तथा पुरस्कारः**

(१) कार्यसम्पादन करार भएका शिक्षक तथा कर्मचारीहरुको कार्यसम्पादन क्षमताको आधारमा मूल्याङ्कन गरी कार्यसम्पादनमा राम्रो नतिजा हासिल गर्ने शिक्षक कर्मचारीलाई पुरस्कृत गर्ने र कमजोर नतिजा हासिल गर्ने शिक्षक कर्मचारीलाई दण्डित गर्नु पर्नेछ ।

(२) कार्यसम्पादन सम्झौताको मूल्याङ्कन,पुरस्कार र सजाय तोके बमोजिम हुनेछ ।

## परिच्छेद-६

## सामुदायिक विद्यालयको भोतिक पूर्वाधार निर्माण,मर्मत सम्भार,सञ्चालन र व्यवस्थापन

३२. **विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड निर्धारणः**

(१) विद्यालयमा विद्यार्थी संख्या अनुसार कक्षाकोठा,खेल मैदान कम्पाउण्ड,घेरावार,बालमैत्री बसाइ व्यवस्था,वातावरण मैत्री हाता,करेसाबारी फूलबारी,स्वच्छ पिउने पानी,छात्र छात्राका लागि अलग अलग शौचालय तथा सिकाइ मैत्री वातावरण हुनु पर्नेछ ।

(२) विद्यँलयको स्तरअनुसार भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड तोकिए बमोजिम हुनेछ ।

(३) प्राविधिक तथा व्यसायिक शिक्षा प्रदान गर्ने विद्यँलय तथा विज्ञान मूल विषय पठनपाठन हुने विद्यालयमा प्रयोगशाला तथा प्रयोगात्मक अभ्यासको थप सुविधा हुनु पर्ने छ ।

**३३. विद्यालयको सम्पत्तिः**

(१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति गाउँपालिकाले अन्य विद्यालयको काममा प्रयोगमा नआउने भएमा बेच-वबिखन गरी प्राप्त भएको रकम सम्बन्धित गाउँपालिका शिक्षा कोषमा जम्मा गर्नेछ ।

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यँलयको नाममा रहने छ ।कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरप परिवर्तन गर्न पाइने छैन ।

(३) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ ।

(४) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासंग दान दातव्यको रुपमा कुनै किसिमको चल,अचल सम्पत्ति प्राप्त गर्नु अघि गाउँपालिकाको पूर्व अनुमति लिनु पर्नेछ ।

**३४. सामुदायिक विद्यालयको जग्गाको स्वामित्व,सम्पत्तिको अभिलेख ,संरक्षण र व्यवस्थापनः**

(१) सामुदायिक विद्यालयको जग्गाको स्वामित्व सो विद्यालयकै नाममा रहने छ । सो विद्यालय खारेज वा अन्यत्र गाभिई विद्यालयको काममा प्रयोग नहुने भएमा गाउँपालिकाले भोग चलन गर्न सक्नेछ ।

(२) विद्यालयको सम्मत्तिको अभिलेख दुरुस्त राख्ने,संरक्षण तथा व्यवस्थापन गर्ने दायित्व सो विद्यालयको व्यवस्थापन समितिको रहने छ ।

(३) सामुदायिक विद्यालयको जग्गाको संरक्षण र व्यवस्थापन गर्ने कर्तव्य गाउँपालिकाको रहने छ ।

**३५. विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तकः**

(१) विद्यालयले नेपाल सरकारले तोकेको न्युनतम मापदण्ड अनुरुप सिकाइ उपलब्धि हासिल हुने गरी अध्ययन अध्यापन गराउनु पर्नेछ ।विद्यालयले नेपाल सरकारे तोकेको मापदण्ड भित्र रही प्रादेशिक तथा स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्न सक्नेछ ।

(२) विद्यालयलाइ आवश्यक पर्ने पाठ्यपुस्तकहरुको संख्या सम्बन्धित विद्यालयले तोकिएको समय सीमा भित्र गाउँ शिक्षा समितिमा माग गर्नुपर्नेछ ।

(३) गाउँ शिक्षा समितिले शैक्षिक सत्र शुरु हुनु अगावै सम्बन्धित निकायहरुमा समन्वय गरी पाठ्यपुस्तकको प्रबन्ध गर्नेछ ।

(४) आधारभूत तहसम्मको शिक्षाका लागि स्थानीय आवश्यकतामा आधारित बढीमा १०० पूर्णाङ्क वा ४ क्रेडिट आवर बराबरको स्थानीय थप विषयको स्थानीय पाठ्यक्रम प्रयोगमा ल्याउन सक्नेछ । यसको लागि पाठ्यपुस्तक विद्यालय व्यवस्थापन समितिके निर्णय गरी लागू गर्न सक्नेछ ।

(५) हरेक विद्यालयमा शैक्षिक स्तरको न्यूनतम मापदण्ड तोकी शिक्षक विद्यार्थी सहकार्यमा आधारित पाठ्यसामग्री,थप स्वअध्ययन सामग्री,पुस्तकालय,मनोविमर्श,अभिभावक शिक्षाको प्रबन्ध हुनु पर्नेछ ।

**३६. अतिरिक्त शैक्षिक क्रियाकलापः**

विद्यालयले पाठ्यक्रममा आधारित सिकाइमा सहजता ल्याउन अतिरिक्त शैक्षिक क्रियाकलापहरु बालक्लवशरु गठन,परियोना कार्य,अध्ययन भ्रमण,पोषण शिक्षा,खेलकुद प्रतियोगिता,साहित्यिक तथा बहुप्रतिभामूखी क्रियाकलापहरु सञ्चालन गर्न सक्नेछ ।

## परिच्छेद-७

## संस्थागत विद्यालयको अनुमति,मापदण्ड निर्धारण,अनुगमन र नियमन

**३७. संस्थागत विद्यालयको सञ्चालनः** संस्थागत विद्यालय सञ्चालन गर्न तोकिए बमोजिम अनुमति वा स्वीकृति लिनु पर्नेछ ।

**३८. संस्थागत विद्यालयको व्यवस्थापन समितिः**

(१) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेकको एक विद्यालय व्यवस्थापन समिति रहनेछः-

क) विद्यालयको संस्थापक वा लगानीकर्ता मध्येबाट सिफारिस भै आएका बढीमा ३ जनाबाट कार्यपालिकाबाट छानिएका व्यक्ति-अध्यक्ष

ख) अभिभावक मध्यबाट समितिले छानेका कम्तीमा एक महिला सहित दुई जना- सदस्य

ग) स्थानीय शिक्षाप्रेमी वा समाजसवी मध्येबाट गाउँ शिक्षा समितिबाट मनोनित एक- सदस्य

घ) शिक्षा अधिकृत वा निजले तोकेको विद्यालय निरीक्षक वा स्रोत व्यक्ति- सदस्य

ङ) विद्यालयका शिक्षकहरुले आफूहरु मध्यबाट छँनि पठँएको एक जना - सदस्य

च) विद्यालयको प्रधानाध्यापक- सदस्य सचिव

(२) उपदफा (१) को (क)(ख)र(ग) बमोजिम छानिएका अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

**३९. संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम,कर्तव्य र अधिकारः-**

(१) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः-

क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

ख) विद्यालयको लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने,

ग) नेपाल सरकार र गाउँपालिकाले तोके बमोजिमको पाठ्यक्रम तथा पाठ्यपुस्तक लागु गर्ने र गाराउने,

घ) प्रचलित कानुन बमोजिम योग्यता पूरा गरेका व्यतक्तिलाई शिक्षक पदमा नियुक्ति गर्ने,

ङ) शिक्षक तथा कर्मचारीहरुलाई न्युनतम तलब,सेवा सुविधा उपलब्ध गराउने,

च) अनुशासनहीन शिक्षक/कर्मचारी उपर कारवाही गर्ने

छ) कानूनमा उल्लेखित व्यवस्थाका अतिरिक्ति गाउँपालिकाबाट जारी शिक्षाक्षेत्रसंग सम्बन्धित सबै नीति,नियम तथा निर्देशनहरुको पालना गर्ने

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालन भएका विद्यालयको सञ्चालन,रेखदेख रव्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**४०. संस्थागत विद्यालयले छात्रवृत्ति उपब्ध गराउन पर्नेः-**

(१) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कूल विद्यार्थी संख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम आर्थिक रुपमा विपन्न,अपाङ्गता भएकाहरु,महिला, दलित विद्यार्थीहरुलाइ छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।छात्रवृत्ति वितरणको यथार्थ जानकारी सम्बन्धित वडा समिति र गाउँपालिका शिक्षा शाखा समक्ष बुझाउनु पर्नेछ ।

(२) छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुको छनौटको लागि आधार,शर्त र प्रक्रिया विद्यँलय व्यवस्थापन समितिबाट स्वीकृत गराई सार्वजनिक समेत गर्नु पर्नेछ र समितिले छात्रवृत्तिको लागि छनौट नतिजा आधार सहित सार्बजनिक गर्नु पर्नेछ ।

**४१. शिक्षकको न्यूतम पारिश्रमिक र पूर्वाधारको मापदण्ड तोक्नेः** गाउँ शिक्षा समितिले संस्थागत विद्यँलयका शिक्षकहरुको न्यूनतम पारिश्रमिक र विद्यँलयको न्नतम पूर्वाधारको मापदण्ड तोक्न सक्नेछ ।

**४२. अनुगमन तथा मुल्याङ्कनः**

संस्थागत विद्यालयको गुणस्तर कायम राख्न गाउँपालिका वा गाउँ शिक्षँ समितिले जुनसुकै समयमा अनुगमन गर्न,निर्देशन दिन सक्नेछ । यस्तो निर्देशन कार्यान्वयन गर्नु संस्थागत विद्यालयको दायित्व हुनेछ ।

**४३. अनुमति वा स्वीकृति रद्द गर्नेः** कुनै संस्थागत विद्यालयले कानून र नियम विपरीत कुनै काम गरेमा गाउँपालिकाले त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुपति रद्द गर्न सक्नेछ । तर त्यसरी अनुमति वा सवीकृति रद्द गर्नु अघि सम्बन्धित विद्यँलयलाई आफ्नो सफाई पेश गर्ने मोकाबाट बञ्चित गरिने छैन ।

**४४. शिक्षा कर सम्बन्धी व्यवस्थाः** प्रत्येक संस्थागत विद्यालयले उसको वार्षिक आम्दानीको १.५ प्रतिशतले हुन आउने रकम शिक्षा कर वापत गाउँपालिकामा बुझाउनु पर्नेछ ।

## परिच्छेदः ८

## परीक्षा सञ्चालन तथा गुणस्तर मापन

**४५. आधारभूत परीक्षा सञ्चालन समन्वय समितिः** गाउँपालिका क्षेत्रभित्र पर्ने विद्यालयहरुमा परीक्षा सञ्चालन तथा समन्वयको लागि देहायको एक परीक्षा सञ्चलन तथा समन्वय समिति रहनेछ ।

क) शिक्षा समितिको अध्यक्ष- अध्यक्ष

ख) प्रमुख प्रशासकीय अधिकृत- सदस्य

ग) प्रमुख, सम्बनधित स्थानीय तहमा रहेको प्रहरी कार्यालय- सदस्य

घ) गाउँपालिका भित्रका शिक्षकहरु मध्येबाट गाउँ शिक्षा समितको अध्यक्षले तोकेको व्यक्ति- सदस्य

ङ) शिक्षा अधिकृत- सदस्य सचिव

(१) परीक्षा सञ्चालन तथा समन्वय समितको बृठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) स्थानीय तहको क्षेत्राधिकार वाहिरको शैक्षिक तहको परीक्षा सञ्चालन गर्न सम्बन्धित निकायबाट भएको व्यवस्था बमोजिम समितिले सहजीकरण र समन्वय गर्नेछ ।

(३) कक्षा ५ र कक्षा ८ को परीक्षा सञ्चालन कार्यपालिकाबाट स्वीकृत मापदण्ड बमोजिम समितिले गर्नेछ ।यसका लागि सम्बन्धित कक्षाका विद्यँर्थीहरुबाट परिक्षामा लाग्ने खर्च प्राप्त गर्न परीक्षा शुल्क लिन सकिनेछ ।

(४) उपदफा २ र ३ वाहेकको कक्षँहरुको परीक्षा सम्बन्धी व्यवस्था प्रधानाध्यापकले गर्नेछ ।

## परिच्छेदः ९

## विद्यालयलाई दिइने अनुदान,लेखा व्यवस्थापन र शुल्क नियमन

**४६. विद्यालय कोषः** (१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुनेछ, जसमा देहाय बमोजिमका स्रोतबाट प्राप्त रकम सो कोषमा दाखिला हुनेछ -

क) नेपाल सरकार, प्रादेशिक सरकार र गाउँपालिकाबाट प्राप्त अनुदान,

ख) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम, र

घ) अन्य स्रोतबाट प्राप्त रकम ।

**४७. अनुदानको व्यवस्थाः**

(१) यो ऐन प्रारम्भ हुँदाका बखत दिँदै आएको अनुदान रकममा कटौती नहुने गरी तोकिएको सुत्रको आधारमा गाउँपालिकाले सामुदायिक विद्यायलयलाई अनुदान दिनेछ । तर कुनै विद्यालयले दिँइदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौती गर्न सकिनेछ ।

(२) संस्थागत विद्यालयहरुलाई तोकिए बमोजिम अनुदान उपलब्ध गराउन सकिनेछ ।

(३) गाउँपालिकाले बाल विकास केन्द्रलाई तोकिए बमोजिमको अनुदान दिन सक्नेछ ।

**४८. बजेट तयार गर्नेः** प्रधानाध्यापकले प्रत्येक वर्षको चैत्र मसान्त भित्र आगामी वर्षको बजेट तयार गरी व्यवस्थापन समितिबाट स्वीकृत गराई त्यसको एक प्रति शिक्षा शाखामा समयम पठाउनु पर्नेछ ।

**४९. लेखा व्यवस्थापनः**

(१) सबै विद्यालयहरुले प्रचलित कानून अनुसारको ढाँचामा आय व्ययको लेखा व्यवस्थापन गर्नुपर्ने छ ।

(२) नियमित कारोबारको लेखा राख्न वेग्लै व्यवस्था गरी कुनै कर्मचारी वा शिक्षकलाई जिम्मेवारी दिनु पर्नेछ ।

**५०. सामुदायिक विद्यालयको खाता सञ्चालनः**

(१) विद्यालयले आर्थिक कारोबार गर्दा बैंक मार्त गर्नुपर्नेछ ।

(२) विद्यालयको खाता सञ्चालन प्रधानाध्यापक र लेखा हेर्ने कर्मचारीको संयुक्त दस्तखतबाट सञ्चालन गर्नुपर्नेछ ।

**५१. लेखा परीक्षण तथा सामाजिक परीक्षणः**

(१) सबै विद्यालयहरुले नियमित रुपमा आर्थिक वर्ष समाप्त भएको पहिलो चौमासिक भित्र गाउँ शिक्षा समितिले तोकेको रजिष्ट्रड लेखा परीक्षकबाट लेखा परीक्षण गराउनु पर्नेछ ।

(२) सबै विद्यालयको नियमित रुपमा आर्थिक वर्ष समाष्त भएको १५ दिन भित्र गाउँ शिक्षा समिति मार्फत गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

(३) प्रत्येक वर्ष विद्यालयले सामाजिक परीक्षण गरी विद्यालयको शैक्षिक उपलब्धपि,पारदर्शिता तथा जवाफदेहिताको अवस्था र आगामी कार्ययोजना सार्वजनिक तथा अनमोदन गर्नुपर्नेछ ।

(४) विद्यालयले हरेक त्रैमासिक परीक्षँको नतिजा सहित विद्यार्थीको शैक्षिक प्रगति प्रतिवेदन अभिभावक समक्ष पेस गरी पृष्ठपोषण लिनु पर्नेछ ।

**५२. छात्रवृत्तिको व्यवस्था गर्न सक्नेः** गाउँपालिकाले विद्यालयमा भर्ना हुने विद्यार्थीलाई शिक्षा विकास कोषबाट तोकए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ ।

**५३. शुल्क सम्बन्धी व्यवस्थाः**

(१) नेपाल सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(२) निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षा बाहेकको अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसंग लिइने शुल्क तोकिएको आधारमा निर्धारण गरिनेछ ।

(३) विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एक पटक भर्ना शुल्क लिइसकेपछि पुनः सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(४) विद्यालयले भौतिक संरचना निर्माण गर्नको लागि विद्यार्थीसंग कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(५) संस्थागत विद्यालयले विद्यार्थीसंग लिन पाउने शुल्क तोकिएको अधिकारीबाट स्वीकृत गराई निर्धारण गर्नु पर्नेछ ।त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिँदा विद्यालयले उपलब्ध उराएको सुविधाहरुलाई आधार लिइने छ ।

(६) कुनै विद्यालयले यस ऐन विपरीत विद्यार्थीसंग कुनै शुल्क लिएमा तोकिएको अधिकारीले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनु पर्नेछ ।यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई तोकिएको अधिकारीले एक लाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

स्पष्टफकरणः विद्यालयले नियमित पठनपाठनको समयभन्दा अन्य समयमा लिइने अतिरिक्त कक्षा,आवासीय व्यवस्था समेतका लागि विद्यालय व्यवस्थापन समितिको सिफारिसमा गाउँ शिक्षा समितिबाट स्वीकृति लिई अत्यावश्यक शुल्क लिनको लागि यस दफाको व्यवस्थाले बाधा पर्ने छैन ।

**५४. विद्यालयलाई छुट र सुविधाः** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि सामुदायिक विद्यालय र शैक्षिक गुठीको रुपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिस्ट्रेशन दस्तुर लाग्ने छैन ।

(२) उपदफा (१) मा लेखिएबाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा नेपाल सरकारले तोकिएको आधारमा रजिष्ट्रेशन दस्तुर छुट दिन सक्छ ।

(३) सामुदायिक विद्यालय र शैक्षिक गुठीको रुपमा सञ्चालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेदः १०
## विविध

**५५. गाउँपालिकाले निर्देशन दिन सक्नेः**

(१) गाउँपालिकाले तोकिएको क्षेत्रसंग सम्बन्धित निर्देशनहरु विद्यालय व्यवस्थापन समितिलाई दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु विद्यालय व्यवस्थापन समितिको कर्तब्य हुनेछ ।

**५६. शैक्षिक परामर्श सेवा,विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्ष सञ्चालनः**

(१) कसैले पनि यस ऐन बमोजिम गाउँपालिकाको अनुमति नलिई शैक्षिक परामर्श सेवा,ब्रिज कोर्स,भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा जस्ता शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउने छैन ।

(२) उपदफा(१) बमोजिम शैक्षक कार्यक्रम,शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स,भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षाको अनुमति लिने सम्बन्धी व्यवस्था गाउँ शिक्षा समितिले तोके बमोजिम हुनेछ ।

**५७. प्रगति विवरण बुझाउनु पर्नेः** संस्थागत विद्यालयले प्रत्येक वर्ष तोकिए बमोजिमका विवरण सहितको प्रगति विवरण गाउँपालिका कार्यालयमा बुझाउनु पर्नेछ ।

**५८. शिक्षक वा कर्मचारी निजी विद्यालयमा तगानी गर्न नपाउनेः**

विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीले कुनै निजी विद्यालय सञ्चालन गर्न,लगानी गर्न वा व्यवस्थापन सम्बन्धि कुनै कार्य गर्न पाउने छैन ।

**५९. स्थानीय शिक्षा विकास कोषः**

(१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका विपन्न,प्राकृतिक प्रकोप पिडित र असहाय बालबालिकाको शैक्षिक अवसर बृद्धि गर्न तथा उत्कृष्ट विद्यार्थी र शिक्षकलाई पुरस्कृत गर्न शिक्षा विकास कोष स्थापना गर्न सक्नेछः

(२) कोषमा देहायको रकम रहन सक्नेछः

क) नेपाल सरकार,प्रादेशिक सरकार र गाउँपालिकाबाट प्राप्त अनुदान

ख) शुल्क तथा सहयोगबाट प्राप्त रकम

ग) चन्दा वा दानदातव्यबाट प्राप्त रकम

घ) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) कोषको सञ्चालन गाउँपालिकाको अध्यक्ष, शिक्षा हेर्ने कार्यपालिका सदस्य र शिक्षा अधिकृत रहेको ३ सदस्यीय समितिबाट हुनेछ ।

**६०. दण्ड सजायः**(१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारी वा न्यायिक समितिले बिगो असूल गरी विगो बमोजिम जरसवाना गर्न सक्नेछ ।

(२) कसैले देहायका कार्य गरेमा,गर्न लगाएमा  सो कार्यउ गर्न सहयोग पुर्याएमा त्यस्तो व्यक्तिलाई कसूरको मात्रा हेरी कानूनले तोके बमोजिम सजाय हुनेछः

क) उत्तरपुस्तिका परीक्षण गर्दा लापरबाही वा गैर जिम्मेवारपूर्ण कार्यगरेमा,

ख) परीक्षा केन्दमासम्बन्धित पदाधिकारीको पूर्व स्वीकृति बेगर प्रवेशगर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीषा केन्द्र नियन्त्रणमा लिई अपर्यादित कार्य गरेमा,

ग) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

घ) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा,

ङ) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम,शैक्षिक परामर्श सेवा,ब्रिज कोर्स,भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा

च) कानून विपरीतको अन्य कार्य गरेमा,

(३) विद्यालयको शिक्षक वा कर्मचारी उपर अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी अदालतबाट कसूरदार ठहरिएमा निजलाई यस ऐन बमोजिम सजाय गरिनेछ ।

**६१. पुनरावेदनः** तोकिएको अधिकारीले गरेको सजायको आदेशउपर कानून बमोजिम पुनरावेदन लाग्नेछ ।

**६२. नियम बनाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वियन गर्न गाउँ कार्यपालिकाले नियम बनाउन सक्नेछ ।

**६३. संक्रमणकालीन व्यवस्थाः** (१) यस ऐनले तोकिए बमोजिम हुने भनि व्यवस्था गरेको काम नियमावली नआउँदासम्म गाउँ कार्यपालिकाले व्यवस्थित गर्न सक्नेछ ।

(२) यो ऐन जारी भए पछि विद्यालयमा रिक्त रहेको दरबन्दीमा विज्ञापनको अनुमति गाउँ कार्यपालिकाले दिनेछ ।

**६४. बाधा अडकाउ फुकाउने अधिकारः** यस ऐनको उद्दश्य कार्यान्वयन गर्न कुनै बाधा अडकाउ परेमा गाउँपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ । तर यस्तो आदेश गाउँ सभाले ६ महिनाभित्रमा अनुमोदन नगरेमा स्वत निष्कृय हुनेछ ।

**६५. बचाउ र लागु नहुनेः**

(१) यो ऐन वा यस ऐन अन्तर्गत बेका नियममा लेखिएजति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

**आज्ञाले**

**नेत्र प्रसाद पौडेल**

**प्रमुख प्रशासकीय अधिकृत**